# प्रेस विज्ञप्ती

स्थानीय तह निर्वाचन २०७४ को पहिलो चरणको निर्वाचन भई जननिर्वाचित प्रतिनिधिहरु वहाल भैसकेको वर्तमान अवस्थामा स्थानीय तहको शासन संचालन सम्बन्धी ऐन जारी नहुँदा सम्मको लागि स्थानीय तहबाट प्रदान गरिने सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।२।१७ गतेको निर्णय बमोजिम **स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४** जारी गरी यस मन्त्रालयको Web site मा राखि सकिएको छ । उक्त आदेशमा स्थानीय तहको काम कर्तव्य र अधिकार, कार्य संचालन र सेवा प्रवाह सम्बन्धी, प्रशासन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी, आर्थिक प्रशासन सम्बन्धी, योजना तथा आयोजना संचालन एवं व्यवस्थापन सम्बन्धी, कर तथा राजश्व सम्बन्धी, सम्पत्ती हस्तान्तरण सम्बन्धी, सहजिकरण तथा समन्वय सम्बन्धी आदि विषयहरू समेटिएका छन् । त्यस्तै यस आदेशसंग बाँझिएका सबै प्रकारका निर्देशिका, कार्यविधि, मार्गदर्शन, आदेश, परिपत्र स्वतः खारेज हुने, आदेश कार्यान्वयनको अनुगमन क्षेत्रीय प्रशासकबाट हुने, प्र.जि.अ. र जिल्लास्तरीय कार्यालय प्रमुखले सहयोग र सहजिकरण गर्नुपर्ने, अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था, आदेश कार्यान्वयनमा समस्या परेमा यस मन्त्रालयले बाधा अड्काउ फुकाउ जारी गर्न सक्ने लगायतका व्यवस्थाहरु समेटिएका छन् । यस आदेश कार्यान्वयनमा आएपछि निर्वाचित जनप्रतिनिधिहरु लगायत स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई स्थानीय तहमा सेवा प्रवाह गर्ने कार्यमा थप सहयोग पुग्ने विश्वास मन्त्रालयले लिएको छ ।

मितिः २०७४।०२।१७

रुद्रसिंह तामाङ
**प्रवक्ता**